जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ | सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता | राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २०२ ❑ २०८३ साउन १९ गते मंगलबार ❑ Tuesday, 04 Aug. 2026 ❑ मूल्य ७ /-



**के नेपाल दंगा फसादमुक्त राष्ट्र बन्न सक्छ ?** (३)

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त**

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०

## परराष्ट्र मन्त्रालयका सहसचिव पक्राउ



**दमक/** राहदानीसम्बन्धी कसुरमा अनुसन्धानका लागि परराष्ट्र मन्त्रालयका सहसचिव पुष्पराज भट्टराई पक्राउ परेका छन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो ( सीआईबी) ले उनलाई सोमबार कागेश्वरी मनहराबाट पक्राउ गरेको सीआईबी प्रवक्ता एसएसपी अनुपमसमशेर जबराले बताए। नेपालबाट शरणार्थीलाई तेस्रो मुलुक जान अनुमति दिने कार्यमा उनको प्रत्यक्ष संलग्नता देखिएपछि पक्राउ गरिएको जबराले बताए।

## अवैध कपडासहित अटो बरामद

**दमक/** दमक नगरपालिका-८ बाट प्रहरीले अवैध रूपमा ल्याइएका कपडासहित मे १ ह ७४०१ नम्बरको अटो बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार अटोबाट करिब एक लाख ५० हजार बराबरका कपडा तथा साडी बरामद गरिएको हो। अटोसहित बरामद सामग्रीको कुल मूल्य करिब चार लाख रहेको उनले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको जनाउँदै फरार चालकको खोजी जारी रहेको बताए।

## दुर्घटनामा ७० वर्षीय वृद्धको मृत्यु

**दुधे/** दमकबाट बिर्तामोड तर्फ जाँदै गरेको मे १ च ५१०४ नम्बरको पिकअपले सडक पार गर्दै गरेका कन्काई-४ निवासी अन्दाजी ७० वर्षीय प्रल्हाद शिवाकोटीलाई ठक्कर दिँदा वृद्धाको मृत्यु भएको छ।

कन्काई नगरपालिका-४ कोटीहोममा सवारी साधन 'पिकअप'को ठक्करबाट एक वृद्धको मृत्यु भएको छ। जिल्ला ट्राफिक कार्यालय झापाका अनुसार सोमबार बिहान पूर्व-पश्चिम राजमार्गअन्तर्गत कोटीहोम क्षेत्रमा दुर्घटनामा गम्भीर घाइते भएका शिवाकोटीलाई उपचारका लागि बिर्तामोडतर्फ लाने क्रममा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीले दुर्घटनामा संलग्न पिकअप र त्यसका चालकलाई नियन्त्रणमा लिएको छ।

### दमक बजार क्षेत्रमा पोलकै कारण फ्लाई ओभर निर्माणको काम रोकियो

# बिजुलीका पोल नसार्दा एसियन हाइवे निर्माण प्रभावित

पूर्वसन्देश समाचार

**दमक/** बिजुलीका पोल स्थानान्तरणको जिम्मेवारी पाएको निर्माण कम्पनी सम्पर्कविहीन भएपछि निर्माणाधीन एसियन हाइवे (काँकडभिट्टा-लौकही सडक खण्ड) को काम प्रभावित भएको छ।

दमक बजार क्षेत्रमा पोलकै कारण फ्लाई ओभर निर्माणको काम रोकिएको छ। पश्चिम खण्डका आयोजना प्रमुख जगत प्रजापतीले विद्युत प्राधिकरणलाई पटक-पटक ताकेता गर्दा पनि लक्ष्यअनुसार पोल सार्ने काम हुन नसकेको बताए। यता, निर्माण कम्पनीका प्रतिनिधिहरूले भने सहरी क्षेत्रमा विद्युतीय पोलका साथै खानेपानीका पाइपका कारण पनि काममा अवरोध पुगेको दाबी गर्दै आएका छन्।

नेपाल विद्युत प्राधिकरण क्षेत्रीय कार्यालय विराटनगरबाट पोल सार्ने ठेक्का पाएको सोहन कन्स्ट्रक्सन विगत १५ दिनदेखि सम्पर्कविहीन भएको काँकडभिट्टा-लौकही सडकको पूर्वी खण्ड आयोजनाले जनाएको छ।

आयोजनाका अनुसार पूर्वी खण्डअन्तर्गत काँकडभिट्टादेखि सितापुरीसम्मको ४५ किलोमिटर क्षेत्रमा कुल ९ सय वटा पोल रहेका छन्। ठेकेदार कम्पनीले दुई महिनाको अवधिमा जम्मा ८० देखि १०० वटा मात्र पोल सारेको छ। अझै ठूलो संख्यामा पोल सार्न बाँकी रहँदा सडक विस्तारको काम सुस्त बनेको हो। एशियाली विकास बैंक (एडिबी) को ४६ अर्ब रूपैयाँ ऋण सहयोगमा सडक विभागअन्तर्गतको आयोजना निर्देशनालयले ९५ किलोमिटर लामो यो सडकलाई दुई खण्डमा बाँकी ४ पेजमा ▸▸



## पूर्वी खण्डको भौतिक प्रगति ५० प्रतिशत नजिक

**दमक/** काँकडभिट्टादेखि सितापुरीसम्मको सडक निर्माणको ठेक्का १० अर्ब ६ करोड रुपैयाँमा एभ्रास्कोन-कालिका जेभीले पाएको थियो। २०८० माघ १९ देखि काम सुरु गरेको उक्त कम्पनीले हालसम्म करिब ५० प्रतिशत काम सम्पन्न गरिसकेको आयोजनाले जनाएको छ। मौसमले साथ दिए आगामी दसैंअगाडि बजार क्षेत्र र ओभरपास बाहेकका स्थानमा एक तर्फको कालोपत्रे सकिने लक्ष्य राखिएको छ।

यस्तै, सडकखण्डअन्तर्गत निन्दा, बिरिङ र कन्काई गरी ३०० मिटरभन्दा लामा तीनवटा पुल निर्माणका लागि ५ अर्ब ९७ करोड रुपैयाँमा कोभेक-क्रेजसी-टुन्डी जेभीसँग सम्झौता भएको छ। २०८० कात्तिक २ गते सम्झौता भई सुरु भएका दुवै ठेक्काको निर्माण अवधि काम सुरु भएको मितिले ३ वर्ष (अर्थात २०८३ कात्तिकसम्म) रहेको छ।

# ओलीले भने– कतिपटक एउटैलाई मुख्यमन्त्री बनाउँने ?

**दमक/** कोशी प्रदेश सरकारलाई लिएर नेकपा एमालेभित्रको विवाद पेचिलो बन्दै गएको छ। कोशीमा एमाले अध्यक्ष ओलीले संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने पहल थालेका छन्। उनले मुख्यमन्त्री हिक्मत कुमार कार्कीलाई हटाएर तिलकुमारलाई मुख्यमन्त्री बनाउन सचिव शेरधन राईलाई खटाइसकेका छन्।

शेरधनले एमाले नेताहरूलाई फकाएर मुख्यमन्त्री कार्कीविरूद्ध अविश्वासको प्रस्ताव दर्ता गराउने तयारी थालेका छन्। शेरधनको निर्देशन नमानेका र केही असन्तुष्ट प्रदेशसभा सदस्यहरूलाई ओलीले फोन मार्फत कार्कीको विकल्प खोज्न भनेका छन्।

उनले मुख्यमन्त्रीमा पटकपटक एउटै ब्याक्ति (हिक्मत कार्की) लाई अवसर दिनुभन्दा नयाँ र आदिवासी समुदायको व्यक्तिलाई सहयोग गर्न आग्रह गरेको एमाले श्रोतले जनाएको छ।

ओलीसँग फोनमा कुरा गरेका मोरङका एक सांसदले भने, 'अध्यक्षज्यूले एउटै व्यक्तिलाई पटकपटक अवसर दिनुभन्दा नयाँ ल्याउने कुरा गर्नुभएको छ। म मात्रै होइन, अरु थुप्रै साथीहरूलाई फोन गरेको बुझेको छु।' ठाडो निर्देशन कतिबेर मान्नु ?

ओलीले मुख्यमन्त्री कार्कीले एमाले पुनर्गठनको मुद्दा उठाएपछि उनलाई जसरी पनि हटाउने अभियान चलाएका छन्। फागुन २१ को



निर्वाचनमा कार्कीले आफूलाई खुलेर साथ नदिएको गुनासो पनि ओलीसँग छ। सुरूमा ओलीनिकट रहेका हिक्मत अहिले नेतृत्व परिवर्तनको पक्षमा उभिएका छन्। त्यहीकारण ओलीले कार्कीलाई हटाएरै छाड्ने अभियान चलाएको कार्कीपक्षका नेताहरू बताउँछन्। कोशी प्रदेशमा एमालेका ३९ बाँकी ४ पेजमा ▸▸

# झापामा 'स्क्रब टाइफस'को सङ्क्रमण

**दमक/** झापामा 'स्क्रब टाइफस'को सङ्क्रमण देखिएको छ। विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये ६९६ जनामा 'स्क्रब टाइफस'को सङ्क्रमण देखिएको छ। गत आर्थिक वर्ष २०८२-०८३ मा अस्पतालमा आएका बिरामीमध्ये नमूना परीक्षणका क्रममा उनीहरूमा यो रोगको सङ्क्रमण देखिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ। सबैभन्दा बढी बिर्तामोडमा ५९८ जनामा स्क्रब टाइफस देखिएको छ। त्यस्तै मेचीनगरमा २५, कन्काईमा ६, कमलमा १६, दमकमा ४३, झापा गाउँपालिकामा: २, हल्दिबारीमा ५ र भद्रपुरका एकजनामा स्क्रब टाइफस देखिएको स्वास्थ्य कार्यालयका फोकल पर्सन युवनाथ बरालले बताए।

स्क्रब टाइफस रोग मुसाको कानमा वा अन्य जीवजन्तुमा हुने सङ्क्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने गर्दछ। स्क्रब टाइफसमा मानिसलाई बाँकी ४ पेजमा ▸▸

## पेट्रोलियम पदार्थको मूल्य वृद्धि

**झापा /** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। साउन १८ गतेबाट लागू हुने गरी निगमले मूल्य वृद्धि गरेको हो। निगमले पेट्रोल प्रतिलिटर ३ रूपैयाँ, डिजेल र मट्टितेल ५ रूपैयाँ वृद्धि गरेको छ। यस्तै, हवाई इन्धन आन्तरिकतर्फ रु २० र अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर १३१ ले वृद्धि भएको छ।

इण्डियन आयल कर्पोरेसनले ३१ जुलाइ, २०२६ मा पठाएको नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा २० रुपैयाँ १९ पैसा, डिजेलमा ३९ रुपैयाँ ६७ पैसा र हवाई इन्धनमा प्रतिलिटर १९ रुपैयाँ ६ पैसा बढेर आएको छ।

नयाँ मूल्यसूचीअनुसार पेट्रोल र डिजेलको मूल्य काठमाडौं, पोखरा र दिपायलमा प्रतिलिटर २०० रुपैयाँ पुगेको छ। सुर्खेत र दाङमा १९९ रूपैयाँ कायम भएको छ। त्यस्तै, चारआली, विराटनगर, जकपुर, अमलेखगन्ज, भलवारी, धनगढी र वीरगन्जमा १९७ रुपैयाँ ५० पैसा पुगेको छ। खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत् राखिएको निगमले जनाएको छ।

## पाँचथरमा रेविज फैलिँदै, तीन पालिका उच्च जोखिममा

**पाँचथर/** तीन स्थानीय तहमा रेविज सङ्क्रमण फैलिएको छ। रेविजका कारण जिल्लाको फाल्गुनन्द गाउँपालिका उच्च जोखिममा परेको छ। गाउँपालिकाका ७ मध्ये ५ वडामा रेविज सङ्क्रमण पुष्टि भइसकेको पशु सेवा शाखाले जनाएको छ। फाल्गुनन्द गाउँपालिका पशु सेवा शाखाका प्रमुख गोपाल घिमिरेका अनुसार वडा नं. २ फाक्तेपमा यसअघि दुई गोरु, दुई भैंसी र दुई गाईमा रेविज सङ्क्रमण पुष्टि भएको छ। कुकुरको टोकाइपछि ती चौपाया मरेका थिए। घिमिरेका अनुसार वडा नं. ६ र ७ सबैभन्दा बढी जोखिममा छन्।

वडा नं. ६ को मेहेलबोटे क्षेत्रमा तीन गाईभैंसी र सात जना मानिसलाई तथा वडा नं. ७ आङसराङ क्षेत्रमा तीन राँगा, सात बाख्रा र केही कुकुरलाई अज्ञात स्थानबाट आएको कुकुरले टोकेको थियो। तीमध्ये पशु चौपायामा रेविजसँग मिल्दोजुल्दो लक्षण देखिएको छ।

वडा नं. ५ मा समेत सङ्क्रमण देखिएको छ। यहाँ सातवटा बाख्रालाई कुकुरले टोकेकोमा अधिकांशमा रेविजको लक्षण देखिएको छ। हालसम्म फाल्गुनन्दका विभिन्न वडामा १५ वटा पशु रेविजका कारण मरिसकेको र ४५ वटामा रेविजको लक्षण देखिएको गाउँपालिकाले जनाएको छ।

यस्तै वडा नं. १ नवमीडाँडा क्षेत्रमा एउटै कुकुरले दुई जना मानिस, एउटा कुकुरसहित केही पशुलाई टोकेको थियो। उक्त कुकुरको पीसीआर परीक्षण गर्दा रेविज सङ्क्रमण पुष्टि भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र फिदिमले जनाएको छ।

नवमीडाँडा, इम्बुङ, फाक्तेप, पिपलबोटे र मेहेलबोटे क्षेत्रलाई उच्च जोखिम क्षेत्र घोषणा गरी निगरानी बढाइएको गाउँपालिकाले जनाएको छ। यसअघि हिलिहाङ गाउँपालिकामा रेविजको लक्षण देखिएपछि निगरानीमा राखिएको खसीमा समेत रेविज सङ्क्रमण पुष्टि भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथरले जनाएको छ।

# देशभर ९१ प्रतिशत धान रोपाइँ

**दमक/** कोशीमा यस वर्ष ८६.९७ प्रतिशत रोपाइँ भएको छ। गत वर्ष ८९.०३ प्रतिशत रोपाइँ भएको थियो। मुलुकभर यस वर्षको धान रोपाइँ गत वर्षको तुलनामा निकै उत्साहजनक देखिएको छ। बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको पछिल्लो तथ्यांकअनुसार साउन १५ गतेसम्ममा देशभर कुल धान खेतीयोग्य जमिनको ९२.५७ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ। गत वर्ष साउन १८ गतेसम्मको तथ्यांक हेर्दा देशभर ८३.९३



प्रतिशतमात्र रोपाइँ भएको थियो।

यसरी हेर्दा गत वर्षको तुलनामा यस वर्ष रोपाइँको प्रतिशत झन्डै ९ प्रतिशतले वृद्धि भएको छ। सक्रिय मनमुनका कारण यस वर्ष मधेश प्रदेशमा धान रोपाइँ वृद्धि भएको छ। गत वर्ष सुक्खा मौसमका कारण साउन १८ सम्म ५७.२८ प्रतिशतमात्र रोपाइँ भएको थियो। यो वर्ष साउन १५ सम्ममै ९०.७२ प्रतिशत क्षेत्रफलमा धान रोपिइसकेको छ। मधेशमा मात्रै यस वर्ष ३ लाख ५० हजार १ सय १८ हेक्टरमा बाँकी ४ पेजमा ▸▸

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक झापाको**

**बोलपत्र स्विकृत हुने आशयको सूचना**

प्रकाशित मिति २०८३।०४।१९

दमक नगरपालिकाबाट प्रकाशित साधारण निर्माणमुखि नदिजन्य सामाग्रिको उत्खनन, संकलन तथा ठेक्का व्यवस्थापनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सूचना आव्हान बमोजिम पर्न आएका शिलबन्दी आर्थिक प्रस्तावहरुका सम्बन्धमा दमक नगरपालिकाको मिति २०८३।०४।१८ गतेको निर्णयानुसार पेश भएका प्रस्तावहरु मध्ये देहायहरुको आर्थिक प्रस्ताव न्यून मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्विकृतिको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशील**

| क्रस | विवरण | छनौट भएको परामर्शदाता | स्विकृत रकम मु.अ.कर समेत |
|---|---|---|---|
| १ | दमक उर्लाबारी खण्ड भएर बहने मावा खोला | Eco-green Consultancy Pvt.Ltd, Birtamod | २,७२,५००। |
| २ | दमक मिक्लाजुङ् खण्ड भएर बहने मावा खोला | Eco-green Consultancy Pvt.Ltd, Birtamod | २,८०,४६६। |
| ३ | दमक कमल खण्ड भएर बहने रतुवा खोला | Eco-green Consultancy Pvt.Ltd, Birtamod | २,६३,१०९। |
| ४ | दमक चुलाचुली खण्ड भएर बहने रतुवा खोला | Eco-green Consultancy Pvt.Ltd, Birtamod | २,२४,८७०। |

# सम्पादकीय

## प्रदेश संरचना नागरिकलाई बोझ नहोस्

पछिल्लो समय प्रदेश सरकारको फेरबदल र कुर्शीको तानातान संघीय संरचनामाथिकै लज्जाको विषय बन्दै गएको छ । सबैभन्दा चिन्ताजनक पक्ष त के छ भने, निरन्तर भइरहने सरकार परिवर्तनको खेल र दलहरुभित्रको यस्तो पदकेन्ि्रत खिचातानीले प्रदेश संरचनामाथि नै जनस्तरबाट गम्भीर प्रश्न उठिरहेको छ । जनताले आफ्ना समस्या समाधान गर्ने, विकास निर्माणलाई गति दिने र प्रशासनिक सहजता दिने निकायका रुपमा प्रदेश सरकारलाई देख्न चाहेका हुन् । तर, र ाजनीतिक दलहरु निरन्तर सत्ताको दाउपेचमै रूमल्लिरहने हो भने संघीयता र प्रदेश संरचना आम जनताका लागि सेवाको माध्यम नभएर केवल राज्यको ढुकुटी रित्याउने र राजनीतिक नेताहरु व्यवस्थापन गर्ने अतिरिक्त बोझ मात्र बन्न पुग्नेछ । राजनीतिक दलहरुभित्र आन्तरिक लोकतन्त्र र शक्ति सन्तुलनको अभ्यास हुनु स्वाभाविक भए पनि त्यसको मूल्य प्रदेशको समग्र राजनीतिक स्थिरता र जनभावनाले चुकाउनु हुँदैन ।

कोशी प्रदेशको सन्दर्भलाई हेर्ने हो भने, सत्ता राजनीति पुनः एकपटक आन्तरिक शक्ति संघर्षको साङ्लोमा जेलिन पुगेको छ । नेकपा (एमाले) भित्रको आन्तरिक मतभेद सतहमा आउँदा प्रदेश सर कारको स्थिरता र पुनर्गठनको प्रक्रिया प्रत्यक्ष प्रभावित भएको छ । पार्टी नेतृत्वको निर्देशन भन्दै प्रदेश इन्चार्ज शेरधन राईले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई राजीनामा दिएर मार्गप्रशस्त गर्न गरेको आग्रह र त्यसमा मुख्यमन्त्रीले राखेको संस्थागत निर्णयको अडानले एमालेभित्रको गुटगत रस्साकस्सीलाई उजागर गरेको छ ।

मुख्यमन्त्री कार्की संविधानको धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त भएकाले संवैधानिक र कानुनी रुपमा उनी सुरक्षित रहेको तर्क उनको छ । एमाले संसदीय दलको विधानअनुसार पनि दलको नेतालाई हटाउन दुई तिहाइ बहुमत आवश्यक पर्छ, जुन असन्तुष्ट पक्षसँग तत्काल रहेको देखिँदैन । यस्तो अवस्थामा केवल मौखिक वा अनौपचारिक आग्रहका भरमा पद त्याग नगर्ने र पार्टीको औपचारिक निर्णय पर्खिने मुख्यमन्त्रीको अडान संवैधानिक विधि अनुसार अस्वाभाविक मान्न सकिँदैन ।

तथापि, यो विवाद केवल कानुनी प्राविधिकतामा मात्र सीमित नभई राजनीतिक र नैतिक दायरासँग पनि जोडिएको छ । अर्कोतर्फ, सत्ता साझेदार माओवादी केन्द्रले एमालेको आन्तरिक विवाद साम्य नभई सरकारमा थप सहभागिता नजनाउने संकेत गरिसकेकाले यसले प्रदेशको दैनिक कार्यसम्पादन र सुशासनमा सिधै अवरोध सिर्जना गरेको छ ।

केन्द्रीय नेतृत्वले अनौपचारिक दबाब सिर्जना गर्नुभन्दा संस्थागत प्रणालीबाटै समस्याको समाधान खोज्न आवश्यक छ । मुख्यमन्त्रीले पनि केवल पद जोगाउने प्राविधिक दाउपेचभन्दा राजनीतिक निकासलाई ध्यानमा राख्नुपर्छ । प्रदेश संरचनालाई जनताका नजरमा बोझ बन्न नदिन एमालेले आफ्नो आन्तरिक विवाद अविलम्ब टुंग्याएर उत्तरदायी र स्थिर राजनीतिक बाटो तय गर्नु नै अहिलेको मुख्य आवश्यकता हो ।

# के नेपाल दंगा फसादमुक्त राष्ट्र बन्न सक्छ ?



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

सामान्य जस्तो लाग्ने धार्मिक झडप हुँदा प्रहरी प्रशासनले अन्धाधुन्ध गोली चलाउनु परिरहेको अवस्था सिर्जना भएको देखिन्छ । शिवलाई जल चढाउन हिँडेका मानिसले छातीमा गोली थाप्नु परिरहेको छ र जीवन गुमाउनु परिरहेको घटनाहरू घटेका छन् ।

सगरमाथा हिमालयको काखमा अवस्थित र भगवान पशुपतिनाथको कृडा भूमि रहेको नेपाल सनातन हिन्दू धर्मावलम्बीहरूको मूल पहिचान भूमिको रूपमा रहँदै आएको छ ।

नेपालमा राजतन्त्रको उन्मूलन पश्चात् नेपाललाई गणतन्त्र र धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे पछि नेपालका मुस्लिम धर्मावलम्बीहरू र इसाई धर्मावलम्बीहरू पनि राष्ट्रको मूलधारमा समाहित भइसकेको अनुभूति गरिएको थियो भने उनीहरूले आआफ्ना सबै धार्मिक र सामाजिक अधिकारहरूको संरक्षण र पालना गर्न बहुसंख्यक समाजसँग समान अधिकारका साथ घुलमिल गर्ने अवसर पनि प्राप्त गर्ने अपेक्षा गरिएको थियो ।

तर नेपालमा अहिले उत्पन्न भएका साम्प्रदायिक तनावका घटनाहरुले विश्वलाई नै चिन्तित तुल्याइरहेको अवस्था छ । एकातिर देशको शासन व्यवस्था अस्थिर छ र कमजोर राजनैतिक नेतृत्वहरूले देशमा राजनैतिक स्थिरता प्रदान गर्न लगातार असफल भइरहेको छ । नेपालमा देशको कुनै पनि निर्वाचित सरकारले आफ्नो पुरै कार्यकालसम्म शासनसत्ता लाई निरन्तरता दिएर स्थिर सरकार बनाउने परम्परा सम्म बसाल्न सकेका छैनन् ।

यस्तो अवस्थामा नेपालमा हालसालै भएको आम निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको विजय र दुई तिहाईको बहुमतबाट बालेन्द्र शाहको नेतृत्वमा बनेको सरकारका अगाडि नयाँ नयाँ किसिमका विवादहरू र समस्याहरू सृजना हुँदै गइरहेको देखिन्छ । यस्ता समस्याहरू विस्फोटक रूपमा देश र जनताको अगाडि आउन थालेका छन् र सरकारलाई कमजोर बनाउन तथा असफल राष्ट्र बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अनेकौं किसिमका बाघचाल खेलहरु प्रारम्भ भइरहेको देखिन्छ ।

यस्ता समस्या हरूमध्ये केही समस्याहरू पूर्व सरकारहरूबाट सिर्जित समस्याको रुपमा रहेको छ भने कतिपय समस्याहरू इस्लामिक राष्ट्रहरूबाट सिर्जित अन्तर्राष्ट्रिय समस्याको रुपमा पनि विकराल रूप धारण गर्दै अगाडि बढिरहेको छ । यस्ता समस्याहरूलाई विश्वको बदलिदो राजनीतिक भूगोल र सिर्जित घटनाक्रमहरूको सन्दर्भमा बुझ्नु जरुरी छ । नेपाल भारत बीचको अन्तर्राष्ट्रिय सिमानासँग जोडिएको नेपालको पूर्व मेचीदेखि महाकालीसम्म जोडिएको मधेश तराईको अधिकांश भूभाग अहिले सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, क्षेत्रीय, र जातीय रूपले निरन्तर रूपमा भूराजनीतिक र जनसांख्यिक सङ्क्रमण र अतिक्रमणको सिकार बन्न थालेको छ । मधेशमा कहिले पहाडिया र रैथाने मधेसी समुदायहरू बीचको जातीय द्वन्द्व त कहिले हिन्दू समुदाय र मुसलमान समुदाय बीचको साम्प्रदायिक झैझगडा दंगा फसादको रूपमा परिणत भएपछि सृजना भएको असंवेदनशील अवस्थाले मुलुकलाई कयौं पटक रगताम्य बनाइसकेको छ र अहिले फेरि पनि देश अप्रत्यासित रूपमा एउटा गम्भीर मोडमा आइसकेको अवस्था छ ।

देशभित्रको जनजीवन रीतिथिति व्यवहार र प्रचलनहरूमा अतिवादी विचारहरूको स्वीकारोक्ति र प्रभाव निरन्तर रूपमा बढ्न थालेको छ । मानिसहरूको बोलीवचन र व्यवहारमा हठधर्मिता कट्टरता र धार्मिक उन्मादका लक्षणहरू देखा पर्न थालेका छन् । आगोको एउटा झिल्कोले जंगल सखाप पारे जस्तै साम्प्रदायिक विचारधाराले सदियौंदेखि समाजमा स्थापित सामाजिक सद्भाव र धार्मिक सहिष्णुता तथा मूल्य मान्यता र परम्परालाई समाजको कमजोरी र नकारात्मक अर्थमा लिन थालिएको छ । अहिले नेपाली समाज मनोवैज्ञानिक रुपमै बिथोलिँदै गइरहेको अवस्था छ । जनता जनता बीचको सद्भाव बिथोलिँदै छ । नेपालमा पनि भारत जस्तै अरबतिरको मरुभूमिबाट आयातित संस्कृति र विचारले नेपालका मूलधारका नागरिकहरूको जनजीवनलाई दिनप्रतिदिन असहज बनाउँदै लगिरहेको छ । संचार माध्यमहरूमा फैल्याइएको भ्रामक समाचारहरूले मानिसका मनोविज्ञान र विचारहरूलाई समेत प्रभावित पार्न थालेको छ । बंगालादेशमा सत्ता परिवर्तन सँगै सुरु भएको हिंसात्मक आन्दोलन र बंगालादेशी हिन्दुहरूप्रति भएको अमानवीय व्यवहार, दमन र जघन्य हिंसाका घटनाहरूले अहिलेसम्म पनि विश्वभरिकै सभ्य समाजलाई चिन्तित तुल्याइरहेको अवस्था छ । बंगालादेशले चिकेन नेकको नामले चिनिने भारत पश्चिम बंगालका नौवटा जिल्ला लाई रोहिंगिया शरणार्थी मुसलमानहरूलाई घुसपैठ गराउने क्षेत्र बनाउने र भारत पश्चिम बङ्गालको सिलिगुडीसम्म मुस्लिमहरूको बर्चस्व स्थापित गर्ने योजनाले भारतलाई चिन्तित तुल्याइरहेको कुराहरूको आलोकमा नेपालमा अहिले चर्किंदै गएको धार्मिक द्वन्दको सन्दर्भमा नेपाल पनि संवेदनशील हुनु अति जरुरी भइसकेको छ ।

पाकिस्तानी र बांगलादेशी अतिवादी इस्लामिक समूहहरूको हर्कत र प्रवेश भारत बिहारको किशनगञ्ज, अररिया, पूर्णिया र अन्य मुस्लिम बहुल क्षेत्रहरूमा निर्वाध रुपमा भइरहेकोले उक्त समूहहरू भारत र नेपाल बीचको खुला सिमानाको प्रयोग गरेर नेपालभित्र पनि आफ्नो जनसांख्यिक बनोटमा उल्लेखनीय परिवर्तन गराउन लगातार घुसपैठ गरिरहेको खबरहरू लगातार समाचार हरूमा प्रायजसो आइरहन्छ ।

भारतका बंगाल, बिहार, उत्तरप्रदेश र उत्तराखण्डका सिमानाहरूसँग जोडिएको नेपाली भूभाग र बस्तीहरूमा मुस्लिमहरूको कुनै आबादी नै नहुँदा र शून्य उपस्थिति हुँदा पनि त्यहाँ ठूलाठूला मस्जिदहरू र मदरसाहरू निर्माण गरिएका छन् र गरिँदैछन् । कट्टर इस्लामिक मुलुकहरूबाट त्यस्ता संस्थाहरूको आर्थिक सहयोगको लागि निरन्तर रुपमा विदेशी मुद्राहरू नेपालमा भित्रिरहेका छन् ।

उनीहरूले सञ्चालन गरेका मदरसाहरूमा धर्मान्धता र धार्मिक कट्टरताको पाठ पढाइन्छ र सिकाइन्छ । अन्धविश्वास सिकाउने र गैर इस्लामिक व्यक्तिहरूलाई काफिर(शत्रु) भन्ने मुल्ला मौलवी र आम मुस्लिमहरूको लागि राज्यले राज्यकोषबाट हरेक वर्ष हज गर्नको लागि मक्का मदिनाको निःशुल्क यात्रा गर्न खर्चको व्यवस्था मिलाइदिने कार्य गर्ने गरेको छ । यस्ता खाले संस्कृति र विचारको पृष्ठपोषण गर्ने संस्था र समाजले आफ्नो भूमिकाबारे पुनर्विचार गर्नु जरुरी छ ।

आज भोलि कोशी प्रदेशको सुनसरी जिल्लामा अवस्थित कप्तानगञ्ज सँगै सम्पूर्ण मधेस क्षेत्र जलिरहेको छ । सनातन हिन्दू धर्मावलम्बीहरू सडकमा आइसकेका छन् । त्यहाँका सनातन हिन्दु धर्मावलम्बीहरूले सनातन कालदेखि चल्दै आइरहेको आफ्नो सनातन परम्पराहरू र धार्मिक र सामाजिक प्रचलनहरूलाई समेत खुल्ला हृदयले मनाउन सकिरहेका छैनन् ।

सामान्य जस्तो लाग्ने धार्मिक झडप हुँदा प्रहरी प्रशासनले अन्धाधुन्ध गोली चलाउनु परिरहेको अवस्था सिर्जना भएको देखिन्छ । शिवलाई जल चढाउन हिँडेका मानिसले छातीमा गोली थाप्नु परिरहेको छ र जीवन गुमाउनु परिरहेको घटनाहरू घटेका छन् । हिंसालाई थामथुम पार्न सेनाको परिचालन समेत गरिँदा पनि झगडाको बिउलाई कसरी निमिट्यान्न पार्ने भन्ने सन्दर्भमा कसैले पनि विचार पुर्‍याउन सकिरहेका छैनन् ।

कुनै पनि समस्यालाई अपराधीकरण हुनुबाट रोक्नु प्रहरी प्रशासनको र सुरक्षा निकायहरू तथा नागरिक समाजको जिम्मेवारी पनि हो । हिन्दू समाज एउटा खुला र उदारवादी समाज हो। हिन्दू समाजभित्र अनेकौं विचार र संस्कृतिको मिश्रण छ र यसले सबै विचारधारालाई आदर र सम्मान दिएर आत्मसात पनि गरेको छ । नेपालका मुसलमानहरूको बस्ने देश र जन्मभूमि पनि नेपाल नै हो । उनीहरू पनि उदारवादी र सहिष्णु भएर नै बहुधार्मिक समाजसँग घुलमिल गरेर बस्न पाइराखेका छन् । नेपालका मुस्लिमहरूले पनि कट्टरता सिकाउने व्यक्ति र समूहहरूबाट आफूलाई अलग राख्नु जरुरी छ । त्यस्तो भएमा देशलाई थप चुनौती र समस्या बेहोर्नु पर्दैन। हिन्दु, ईसाई बौद्ध किरात लगायत सबै विचार र दर्शनले राष्ट्रलाई पहिलो स्थान दिएर आफ्नो भूमिका निर्धारण गर्नुपर्दछ र सर्व धर्म समभावको भावनालाई आत्मसात गर्नु पर्दछ ।

मुसलमान आमा र बाबु भएका सन्त कवीर भगवान रामका उपासक थिए। उनी रामानन्द सम्प्रदायका वैष्णव थिए । उनी हिन्दू र मुसलमान समाजमा रहेका रूढीवादी परम्पराहरूको खुलेरै खण्डन गरेका थिए । सन्त कवीर जस्तै रसखान पनि मुसलमान नै थिए, उनी भगवानन कृष्णका उपासक थिए । रसखानले गाएका भजनहरू अहिले पनि मथुरा र वृन्दावनमा भक्तहरूले गाइरहेका भेटिन्छन् । साईबाबा पनि इस्लाम धर्मावलम्बी परिवारमै जन्मिएका थिए, लाखौं करोडौं हिन्दुहरूको आस्था र विश्वास साईं बाबाप्रति अझै जीवित छ । साईं बाबालाई सनातन धर्मप्रति असीम श्रद्धा र विश्वास थियो । अवधी भाषाका कवि अब्दुल रहीम खानखानाका उपदेशमूलक कविताहरू पढेर आज पनि करोडौं हिन्दु मानिसहरूले प्रेरणा प्राप्त गरेका छन् तथा हिन्दु र मुसलमान समाज मिलेर बस्नुपर्ने कुरामा जोड दिइरहेका छन् ।

नेपाल एउटा धर्मनिरपेक्ष राष्ट्रको गरिमा र आदर्श बोकेको राष्ट्र हो। धर्म निरपेक्षता भनेको धार्मिक प्रचलनहरूमा पनि उदार र सहिष्णु भएर एकअर्काको भावनालाई सम्मान दिनु हो । तसर्थ देशको संवेदनशील धार्मिक सामाजिक मुद्दा हरूमा सबै धर्म जाति सम्प्रदाय र विचारका मानिसहरूले विवेकशील भएर होस विचार पुर्‍याउनु जरुरी छ ।

## नेकपा शिवसताक्षीको अध्यक्षमा नेम्वाङ, हल्दीवारीमा राजवंशी

**झापा**/ नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले झापामा सांगठानिक सुदृढिकरण अभियान अन्तर्गत स्थानीय तहमा धमाधम पार्टी गतिविधि तीव्र पारेका छन् । यसैक्रममा जिल्लाका १५ वटा पालिका मध्ये ५ जटा पालिका तहमा अभियान सम्पन्न भईसकेका छन् । शनिवार जिल्लाको दुई पालिकामा एकता बैठक तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

शिवसताक्षीमा नगरपालिका स्तरीय र हल्दीबारीमा गाउँपालिका स्तरीय एकता बैठक तथा प्रशिक्षण गरिएको केन्द्रीय सदस्य तथा झापा सह-इन्चार्ज वासुदेव दुलालले जानकारी दिए ।

शिवसताक्षी नगर कमिटीमा दुर्गा नेम्वाङको संयोजकत्वमा १०१ सदस्यीय र हल्दीवारी गाउँ कमिटीमा खकेन राजवंशीको संयोजकत्वमा ५१ सदस्यीय कमिटी घोषणा गरिएको छ ।

पार्टीका केन्द्रीय नेता तथा पूर्व कृषिमन्त्री झलकसिंह दर्लामी (सन्देश) को प्रमुख आतिथ्य शिवसताक्षी नगर कमिटीको प्रथम एकता भेलामा केन्द्रीय सदस्य तथा झापा जिल्ला सह-इन्चार्ज वासुदेव दुलाल , केन्द्रीय सदस्य तथा झापा जिल्ला सह-इन्चार्ज सिपि कडरिया , केन्द्रीय सदस्य तथा झापा जिल्ला सह-इन्चार्ज दिपेनबाला राई , केन्द्रीय सदस्य तथा झापा जिल्ला संयोजक खड्ग तिम्सिना (पवन), केन्द्रीय सदस्य भजेन्द्र चौलागाई, केन्द्रीय सदस्य कल्पना कार्कीलगायतको उपस्थिति रहेको थियो । प्रदेश कमिटी सदस्य कचाली ताजपुरियाले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन जिल्ला कमिटी सदस्य खडक खापुङले गरेका थिए ।

त्यस्तै हल्दीबारी गाउँपालिका कमिटीको एकता भेलामा प्रमुख अतिथि पूर्व सांसद पूर्णसिंह राजवंशी रहेका थिए भने विशिष्ट अतिथिको रुपमा पार्टी केन्द्रीय सदस्य चन्द्रमाया श्रेष्ठ रहेकी थिइन् ।

कार्यक्रममा केन्द्रीय सदस्य तथा जिल्ला सहायक इन्चार्ज वासुदेव दुलाल, जिल्ला संयोजक खड्ग तिम्सिना (पवन), जिल्ला सह-संयोजक बीपी भट्टराई, केन्द्रीय सदस्य बेदराज रेग्मी, मोहन टुडु, प्रदेश सचिवालय सदस्य डाक्टर मुरलीप्रसाद शाहसहित नेता कार्यकर्ताको बाक्लो उपस्थिति रहेको थियो ।

# कृत्रिम बुद्धिमत्तालाई नैतिक शिक्षा दिनु जरुरी छ ?

संकलक: **अशेष अधिकारी**

कहिल्यै सोच्नुभएको छ, संसारकै सबैभन्दा बुद्धिमान विद्यार्थीलाई परीक्षा त पास गराइयो, तर उसलाई 'सही र गलत' छुट्याउन भने कहिल्यै सिकाइएन भने के होला? ठ्याक्कै त्यही अवस्था कृत्रिम बुद्धिमत्ताको हो । यसले सेकेन्डमै हजारौं किताब पढ्न सक्छ, लाखौं तथ्य विश्लेषण गर्न सक्छ, तपाईंका प्रश्नको जवाफ दिन सक्छ, गीत लेख्न सक्छ, चित्र बनाउन सक्छ, रोग पहिचान गर्न सक्छ । तर यदि कृत्रिम बुद्धिमत्तालाई नैतिकताको पाठ पढाइएन भने, यो पाँच वर्षको बच्चाको हातमा परमाणु बटन राखेजस्तै हुन सक्छ ।

कृत्रिम बुद्धिमत्तालाई थाहा हुन्छ के गर्न सकिन्छ ? तर नैतिकता नभएसम्म उसलाई थाहा हुँदैन 'के गर्नु हुँदैन ?' यही एउटा फरकले भविष्य बनाउँछ कि बिगार्छ । कल्पना गर्नुहोस्, 'मलाई सबैभन्दा छिटो पैसा कमाउने उपाय बताऊ ।' यदि त्यसलाई नैतिकता सिकाइएको छैन भने, उसले ठगी, ह्याकिङ, जालसाजी वा कानुनविपरीत कामलाई पनि 'प्रभावकारी उपाय' भनेर देखाउन सक्छ । किनभने उसको हिसाबले लक्ष्य पूरा भयो । उसले यो सोच्दैन कि त्यसले कसैको जीवन बर्बाद पनि गर्न सक्छ । कृत्रिम बुद्धिमत्ताको दिमागमा ब्रेक नै नभए, त्यो फेरारीभन्दा पनि खतरनाक हुन्छ ।

अर्को रमाइलो उदाहरण सोचौं । यदि एउटा कृत्रिम बुद्धिमत्तालाई केवल 'मानिसलाई खुसी बनाऊ' भन्ने आदेश दिइयो भने, नैतिकता नभएको कृत्रिम बुद्धिमत्ताले भन्न सक्छ, काम गर्न छोड, दिनभर मिठाई खाऊ, गेम खेल, सुत । सुरुमा रमाइलो लाग्ला, तर केही महिनापछि स्वास्थ्य बिग्रिन्छ, करियर डुब्छ, जीवन अस्तव्यस्त हुन्छ । त्यसैले राम्रो सल्लाह र मीठो सल्लाह एउटै कुरा होइन भन्ने कुरा कृत्रिम बुद्धिमत्ताले पनि बुझ्नुपर्छ ।

अहिले धेरै मानिसहरू कृत्रिम बुद्धिमत्ताबाट होमवर्क गराउँछन् । यदि कृत्रिम बुद्धिमत्ताले भन्यो, 'ल, यो पूरा उत्तर कपी गरेर बुझाइदेऊ, विद्यार्थी त एक दिन पास होला, तर ज्ञान भने फेल हुन्छ । नैतिक कृत्रिम बुद्धिमत्ताले भन्छ, म तिमीलाई उत्तर दिन्छु, तर पहिले यो कसरी आयो बुझौं ।' राम्रो शिक्षक र उत्तर बेच्ने पसलेबीचको फरक यही हो ।

स्वास्थ्य क्षेत्रमा त झन् यो कुरा जीवन र मृत्युको विषय बन्न सक्छ । कल्पना गर्नुहोस्, कृत्रिम बुद्धिमत्ताले अनुमानकै भरमा औषधि सिफारिस गरिदियो । एउटा सानो गल्तीले ठूलो दुर्घटना हुन सक्छ । त्यसैले जिम्मेवार कृत्रिम बुद्धिमत्ताले आफूलाई सबै कुरा थाहा भएको अभिनय गर्दैन । उसले आवश्यक परे, 'यो विषयमा योग्य चिकित्सकसँग परामर्श लिनुहोस्' भन्न जान्नुपर्छ । कहिलेकाहीं "मलाई थाहा छैन" भन्न सक्नु नै सबैभन्दा बुद्धिमानी निर्णय हुन्छ । कृत्रिम बुद्धिमत्ताको अर्को ठूलो समस्या पूर्वाग्रह हो । यदि उसलाई सिकाइएको तथ्यांक आफैं पक्षपाती छ भने, कृत्रिम बुद्धिमत्ता पनि त्यही रोग लाग्छ । यो त्यस्तो विद्यार्थी जस्तै हो, जसले गलत उत्तर भएको गाइड मात्र पढ्यो । परीक्षा आएपछि उसले आत्मविश्वासका साथ गलत उत्तर लेख्छ । गल्ती उसले जानाजानी गरेको हुँदैन, तर नतिजा भने गलत नै हुन्छ । त्यसैले कृत्रिम बुद्धिमत्तालाई बारम्बार जाँच्ने, सुधार्ने र निष्पक्ष बनाउने काम अत्यन्त आवश्यक हुन्छ ।

गोपनीयताको कुरा त झन् महत्वपूर्ण छ । तपाईंले कृत्रिम बुद्धिमत्तालाई आफ्नो व्यक्तिगत जानकारी दिनुभयो, अनि उसले त्यो सबै बजारमा माइक लगाएर घोषणा गरिदियो भने त्यसपछि कृत्रिम बुद्धिमत्ता होइन, तपाईंको निजी जीवन नै "ब्रेकिङ न्यूज" बन्छ । त्यसैले नैतिक कृत्रिम बुद्धिमत्ताले विश्वासलाई सबैभन्दा ठूलो जिम्मेवारी ठान्नुपर्छ ।

साँचो कुरा के हो भने, कृत्रिम बुद्धिमत्ताको बुद्धि दिनप्रतिदिन बढ्दै छ, तर बुद्धि मात्र भएर पुग्दैन । इतिहासमा धेरै बुद्धिमान मानिसहरूले पनि नैतिकता गुमाउँदा ठूलो विनाश गरेका उदाहरण छन् । त्यसैले संसारलाई अर्को "सुपर स्मार्ट समस्या" होइन, 'सुपर स्मार्ट सहयोगी' चाहिएको हो ।

भविष्यमा कृत्रिम बुद्धिमत्ताले कार चलाउनेछ, अस्पतालमा बिरामी जाँच्नेछ, अदालतमा अनुसन्धान गर्नेछ, विद्यालयमा पढाउनेछ, वैज्ञानिक अनुसन्धानमा साथ दिनेछ, अनि हाम्रो दैनिक जीवनको लगभग हरेक क्षेत्रमा पुग्नेछ । यस्तो शक्तिशाली सहायकलाई केवल छिटो सोच्न मात्र सिकाएर पुग्दैन, सही सोच्न पनि सिकाउनुपर्छ । किनभने गलत हातमा परेको बन्दुक जति खतरनाक हुन्छ, गलत निर्णय गर्ने कृत्रिम बुद्धिमत्ता त्योभन्दा पनि खतरनाक हुन सक्छ ।

अन्ततः, संसारलाई धेरै बुद्धिमान मेसिन चाहिएको होइन, धेरै जिम्मेवार मेसिन चाहिएको हो । कृत्रिम बुद्धिमत्ताको दिमाग जति ठूलो बन्छ, त्यसको नैतिक कम्पास पनि त्यति नै बलियो हुनुपर्छ । नत्र भविष्यमा मानिसले कृत्रिम बुद्धिमत्तालाई होइन, कृत्रिम बुद्धिमत्ताले मानिसलाई तिमीलाई सामान्य बुद्धि कहिले आउँछ ? भनेर सोध्ने दिन पनि टाढा नहुन सक्छ ।

(गुगल र एआईको सहयोगमा )




**दमक**/ यतिबेला वर्षायाम चलिरहेको छ । हरियाली छ प्रकृति । खेतबारीमा धान रोपाइँको चहलपहल बाँकी नै छ । नदी, खोलानाला, खहरेमा पानीको बहाव बढेको छ । वर्षाले वायुमण्डलमा रहेका धुलोका कण तथा अन्य प्रदुषण पखालेर वातावरणलाई स्वच्छ बनाएको छ । प्राकृतिक सौन्दर्यताका बीच बाढी, पहिरो, डुबानजस्ता विपद्सँगै फैलिने विभिन्न सरुवा रोग भने वर्षायामका जोखिमयुक्त पक्ष हुन् ।

यस समयमा बाढी पहिरो र डुबानले खानेपानीलाई प्रदूषित बनाउँछ । वर्षायामसँगै विभिन्न सरुवा रोगको जोखिम पनि बढ्ने गरेको छ । डेङ्गु झाडापखाला, हैजा, स्क्रब टाइफस, लेप्टोस्पाइरोसिस, फङ्गल सङ्क्रमणलगायतका रोग प्रत्येक वर्ष मनसुनमा बढ्ने भएकाले स्वास्थ्य क्षेत्रको प्रमुख चिन्ताको विषय बनेको छ ।

नेपालमा स्क्रब टाइफस सङ्क्रमण विज्ञान, क्लिनिकल विशेषता, निदान र जटिलता: एक व्यवस्थित समीक्षा (२०२३) ले मनसुन र त्यसपछिको समय स्क्रब टाइफसको उच्च जोखिम अवधि भएको निष्कर्ष निकालेको छ ।

उक्त अनुसन्धानले नेपालमा स्क्रब टाइफसलाई मनसुन र मनसुनपछिको समयमा बढ्ने महत्वपूर्ण सार्वजनिक स्वास्थ्य समस्याका रूपमा औँल्याएको छ ।

उक्त स्क्रब टाइफसको सङ्क्रमणसँगै ज्वरो आउने, भोक नलाग्ने, टाउको दुख्ने, खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, वाकवाकी लाग्ने, पेट दुख्ने, छालामा डाबर आउने, जन्डिस हुनेलगायतका समस्या आउने अध्ययनले देखाएको छ ।

विशेषगरी यस समयमा रोगको निगरानी बढाउने, समुदायमा जनचेतना फैलाउने, छिटो परीक्षण गर्ने र समयमै उपचार उपलब्ध गराउने हो भने सङ्क्रमण, जटिलता र मृत्युदर घटाउन सकिने अध्ययनको निष्कर्ष छ ।

अध्ययन अनुसार वर्षा र आर्द्रताले त्यस समयमा झाडी तथा घाँस बढी बढाउने, स्क्रब टाइफस सार्ने चिगर (लार्भा माइट) का लागि अनुकूल वातावरण बन्ने, किसान तथा खेतबारीमा काम गर्ने मानिससँग सम्पर्क बढ्ने भएकाले सङ्क्रमणको जोखिम पनि बढ्छ । स्वास्थ्य विज्ञका अनुसार वर्षायामको वातावरण रोग फैलनका लागि अत्यन्त अनुकूल हुन्छ ।

मनसुन सुरु भएसँगै पानी तथा खानाजन्य रोगका बिरामी बढ्न थालेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुले जनाएको छ । अस्पतालका निर्देशक डा अनुप बास्तोलाले वर्षायाममा दूषित पानी र अस्वस्थ खानाका कारण झाडा पखाला, आउँ (डिसेन्ट्री) लगायतका पानीजन्य रोगका बिरामी बढ्ने गरेको जानकारी दिए ।

डा बास्तोलाले यस्ता सरुवा रोगबाट जोगिन उमालेर वा सुरक्षित पानी पिउन, ताजा तथा सफा खाना खान, हात धुने बानी बसाल्न र लामखुट्टेको टोकाइबाट जोगिन झुलको प्रयोगलगायतका उपाय अवलम्बन गर्न आग्रह गरे । उनले ज्वरो, पखाला वा अन्य सङ्क्रमणका लक्षण देखिएमा ढिलाइ नगरी स्वास्थ्य संस्थामा उपचार गराउन पनि सुझाव दिए ।

## स्वास्थ्य

# मुटु स्वस्थ राख्न खानुपर्ने ५ खानेकुरा

*मुटु स्वस्थ रहेमा मात्र मानिस लामो समयसम्म बाँच्न सक्छ । तर, आजको भागदौडपूर्ण जीवनशैलीमा हामीले आफ्नो समग्र स्वास्थ्यका साथै मुटुको स्वास्थ्यलाई समेत बेवास्ता गरिरहेका छौँ ।*

*गलत खानपान, मानसिक तनाव, अपर्याप्त निद्रा र व्यायामको अभावका कारण कम उमेरमै मानिसहरूमा मुटुसम्बन्धी समस्या देखिन थालेको छ । आजको यस लेखमा हामी मुटुलाई स्वस्थ राख्न मद्दत गर्ने ५ उपयोगी खानेकुराबारे चर्चा गर्नेछौँ ।*

**१. ओट्स** : ओट्सलाई आफ्नो दैनिक आहारमा समावेश गर्नुहोस् । धेरैलाई ओट्सको स्वाद मन नपर्न सक्छ, तर मुटुको स्वास्थ्यका लागि यो अत्यन्तै फाइदाजनक हुन्छ । ओट्स खानुका साथै प्रशोधित खाना, तेलमा भुटेका परिकार, ट्रान्स फ्याट तथा अत्यधिक नुन र चिनीको सेवन घटाउनुपर्छ । यस्तो खानपानले मुटुरोगको जोखिम कम गर्न मद्दत गर्छ ।

**२. ओखर** : ओखर मुटुका लागि निकै लाभदायक मानिन्छ । यदि मुटुको कार्यक्षमता कमजोर हुँदै गएको छ भने दैनिक ओखर सेवन गर्नु राम्रो हुन्छ । यसले मुटुलाई दीर्घकालसम्म स्वस्थ र सक्रिय राख्न मद्दत गर्छ ।

**३. आलस** : आलस मुटुका साथै छाला र पाचन प्रणाली (पेट) को लागि पनि उत्तिकै उपयोगी मानिन्छ । आलसलाई भुटेर त्यसै वा पिसेर धूलो बनाई दैनिक दुई चम्चा मनतातो पानीमा मिसाएर सेवन गर्न सकिन्छ ।

**४. हरियो पातदार तरकारी** : दैनिक भोजनमा हरियो पातदार तरकारी समावेश गर्नाले मुटुका साथै सम्पूर्ण शरीरलाई स्वस्थ राख्न मद्दत पुग्छ । यसका लागि पालुङ्गो, सलगम वा कर्कलाको पातजस्ता सागसब्जी उपयुक्त हुन्छन् । यिनलाई तरकारी वा सुपका रूपमा पकाएर खान सकिन्छ ।

**५. दाल तथा गेडागुडी** :
आहारमा भटमास तथा विभिन्न थरीका दालहरू समावेश गर्नुपर्छ । यस्ता गेडागुडीले शरीरमा कोलेस्ट्रोलको मात्रा घटाउन, मुटुको कार्यक्षमता बढाउन र मुटुसम्बन्धी विभिन्न रोगबाट जोगाउन मद्दत गर्छन् ।

**ध्यान दिनुपर्ने थप कुरा:**
मुटुलाई स्वस्थ र बलियो राख्न सही खानपानका साथै दैनिक कम्तीमा ३० मिनेट शारीरिक व्यायाम गर्नु पनि उत्तिकै आवश्यक छ । छिटो-छिटो हिँड्ने, साइकल चलाउने, दौडिने वा योग गर्नाले शरीरमा रक्तसञ्चार सुधार हुन्छ र रक्तचाप तथा कोलेस्ट्रोल नियन्त्रणमा रहन्छ ।

## पुस्तक-साभार

## सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ४

# क्रान्तिको पूर्वाभ्यास

✍ कृष्ण धारावासी

**क्रमागतः** युवा पुस्ताहरूको चाहना पनि यही थियो । तर अन्तर्राष्ट्रिय समर्थन पाउनका लागि शान्तिपूर्ण आन्दोलन नै पार्टीले लिनु पर्ने नीति थियो । पार्टी एक भए पछि तुरुन्त त्यसले आफ्नो लक्ष्यअनुसार अघि बढ्नै पर्ने थियो । एकाएक सबैतिर नयाँ खाले जोस र जाँगर चलेकै बेला काम थाल्नु उपयुक्त हुने भए तापनि क्रान्ति भन्ने कुरा भात पकाएर खानु जस्तो सजिलो थिएन । त्यसका आन्तरिक र बाह्य तयारीहरू प्रशस्त गर्नु पर्ने हुन्छ । क्रान्तिमा जुनसुकै बेला पनि ज्यान जोखिममा हुन्छ, त्यसका लागि मानसिक र शारीरिक रूपमा मानिसहरूलाई तयार गराउनु सजिलो कुरो हुँदैन ।

यस्तै बेलामा बाहिरी रुपमा गान्धीवादी विचारक मातृकाप्रसाद कोइरालाको नेतृत्वमा शान्तिपूर्ण आन्दोलनको तयारी सुरू गरियो भने भित्री रुपमा बीपी र सुवर्णको जिम्मेदारीमा सशस्त्र क्रान्तिको तयारी सुरू हुन थाल्यो । शान्तिपूर्ण आन्दोलनतिर राष्ट्रिय र अन्तर्राष्ट्रिय दृष्टिकोणलाई आकर्षित गर्दै अति गोप्य रूपमा भूमिगत तवरले सशस्त्र क्रान्तिका लागि चाहिने लडाकु तालिम तथा हातहतियारको व्यवस्था गर्न थालियो ।

क्रान्ति गर्ने कुरामा सहमति भए तापनि क्रान्तिको स्वरुपका बारेमा भने मित्रभित्रै विवादहरू कायमै थिए । मातृकाप्रसाद कोइरालाको गान्धीवादी धारणालाई सही ठान्ने र बी.पी. सुवर्णको सशस्त्र क्रान्तिको बाटोलाई ठिक ठान्ने समूहका बीच बहस पनि सँगसँगै प्रारम्भ भएको थियो । तर क्रान्तिको कुरा मात्र गरेर क्रान्ति हुनु सम्भव थिएन । त्यसैले बीपी. र सुवर्ण सशस्त्र संघर्षको तयारीमा थिए । लक्ष्य, उद्देश्य, प्रस्ताव र घोषणाहरू त सजिलै तयार हुन्छन् तर तिनलाई व्यावहारिक रूपमा अघि बढाउन भने आर्थिक व्यवस्थापनको तयारी हुनु पर्छ । केही निर्वासित र गरिब मानिसहरूको भावनात्मक एकताबाट गठन भएको संगठनसँग आर्थिक पूर्वाधार केही पनि थिएन । देशभित्र निरंकुशताको दवावमा परेका जनताहरूबाट आर्थिक संकलन गर्न खोज्नु पनि स्वाभाविक थिएन ।

निर्वासित कृष्णप्रसाद कोइरालाको गरिबीको कथा आफ्नै ठाउँमा हुँदै थियो । अन्य निर्वासितहरू पनि त्यही गरिबीसँग मिसिन पुगेका हुन्थे । जेल तोडेर भागेका गणेशमान सिंहसँग के आशा गर्नु थियो र ? तैपनि ठूलो आँटले बी.पी., गणेशमानहरूले पार्टी निर्माण गरेका थिए । आर्थिक भन्दा भावनात्मक शक्ति ठूलो हो भन्ने कुरा यसले प्रमाणित गर्छ तर व्यावहारिकतामा उत्रनु पर्दा चाहिने भौतिक वस्तुका लागि आर्थिक शक्ति नै मुख्य बन्न पुग्छ । केही भारतीय मित्रहरू तथा नेपाली मूलका भारतीय जनताहरूको सामान्य सहयोगले पार्टी चले पनि त्यत्तिले नै क्रान्ति हुनु संभव थिएन । सशस्त्र क्रान्तिका लागि आवश्यक पर्ने हातहतियार, बारूद आदिका लागि चाहिने ठूलो राशीको व्यवस्थापन गर्नु सजिलो थिएन ।

वि.स. १९९० सालमा जुद्ध शमशेरले 'सी' श्रेणीका राणाहरूलाई चार भञ्ज्याङ निकाला गर्दा हिरण्य शमशेर, तेज शमशेर, प्रताप शमशेर र महावीर शमशेर सिधै भारतको कलकत्ता गएका थिए । भनिन्छ त्यस बेला हिरण्य शमशेर (सुवर्णका पिता) र महावीर शमशेरसँग ३३/३३ लाख रुपैयाँ थियो रे । क्रमशः

## लघुकथा

✍ ईंगम खालिङ

# दार्जीलिङको सानो रेल

दार्जीलिङको सानो रेल जब छुकछुक-छुकछुक गर्दै, धुवाँ फ्याक्दै, र कुइनेटै पछि कुकुक-कुकुक गर्दै सिट्ठी बजाउँदै घुम, सोनादा, दिलाराम, हुँदै टुङ आइपुग्छ, तब बिरामी परेर ओछ्यानमैं थलिएकी एस्थरलाई एक प्रकारको अन्तर्बोध हुन थाल्छ । उनको मन अकास्मत अवर्णनीय आनन्दले भरिएर आउँछ ।

जब रेल सिपाही धुरा आइपुग्छ तब ट्रेनको छुकछुक-छुकछुक आवाज अलिअलि सुनाइदिन्छ । जस्तो रेलले कुकुक-कुकुक गरेर तीनपल्ट सिट्ठी फुक्छ उनी एक्कासि ओछ्यानबाट उठ्छिन् । अतालिँदै ऐनाको छेउमा राखेको रबर-ब्यान्डले कपाल बाँधेर उनी कोठाबाट झटारिँदै निस्कन्छिन् ।

सिकुवामा राखेका जुत्ता लगाएर उनी उकालो डाँडातिर कुद्न थाल्छिन् । त्यसरी हठात् उठेर हतारिँदै उकालो लागेको देखेर आमा भान्साघरको खिड्कीबाट कराउँछिन्–"एस्थर ! त्यसरी नकुद् न ज्वारो काँच्चै बल्झिन्छ । ऐ, भनेको सुन्न है !" तर आमालाई वास्तै नगरी उनी झन् तीव्र गतिमा कुद्न थाल्छिन् ।

उनी डाँडामा आइपुगेर भुइँमा थ्याँच्च बस्छिन् । भुइँमा घोप्टिएर लामो-लामो सास लिन्छिन् । त्यसपछि अनुहारभरि आएका केशराशीलाई हटाउँदै आँसु पुछी झुरुक्क उठ्छिन् र चारैतिर निहाल्छिन्– पहाडका केही ठाउँहरू बादलबिचबाट छिरेका घामका किरणले सुनौला भएका रहेछन्, पहाड फेदको एउटा खोला चाँदीको खोलासरि बगिरहेको रहेछ, तल राजमार्गको सडकमा गाडीहरू गुडिरहेका छन्, र डाँडामा बतासे हावा चलिरहेको छ । तर उनी खुशीले चिच्याउन सक्दिनन् ।

पहिले एस्थरले आँखा चिम्म गरेर रेललाई महसुस गर्छिन्, त्यसपछि आफ्ना दुवै हात फैलाएर रेलको धुवाँलाई आलिंगनमा लिन्छिन् । जब उनले आँखा खोल्छिन् त्यतिबेला सिपाही धुरा पछाडि छोड्दै अघि बढिरहेको रेललाई देख्छिन् । रेल पनि उनलाई देख्नसाथ खुशीले उत्तेजित हुँदै उनीतिरै आइरहेको जस्तो लाग्छ । जतिपल्ट रेलले कुकुक-कुकुक गर्दै जोरजोरले सिट्ठी फुक्छ त्यतिपल्ट 'एस्थर ! एस्थर !' भन्दै आवाज दिएको जस्तो उनलाई भान हुन्छ ।

धुवाँको गन्ध मसुस हुँदैपछि उनको नयनबाट आँसु तरर बगिरहन्छ । उनले भित्री स्वरमा "तरुण ! मेरो तरुण !" भनेर पुकार्छिन् । त्यसपछि उनले दुवै हातका औँलाहरू मुट्ठी पारेर थरर काम्दै चिच्याइ-चिच्याइ रुन्छिन् । राल-सिँगान हुन्छिन् । उनको अवस्थालाई बोध गरी समय आफै पनि डराएर रोकिँदै-रोकिँदै बिस्तारो बितिरहेको जस्तो लाग्छ । डाँडाका धरती र रुखहरूमा कम्पन आएको जस्तो महसुस हुन्छ । एक क्षण त्यहाँका खोलानाला, फलफूल, झार-जंगल, चराचुरुङ्गीदेखि लिएर किरा-फट्यांग्रा सबै स्तब्ध भएका जस्तो आभास हुन्छ ।

## सान्माय ज्ञान

✎ कुन जातिमा विवाह गरेपछि अलग्गै घर बनाएर बस्ने चलन छ ?
*उत्तर : किसान*

✎ मुस्लिम पुरुषलाई कति पटकसम्म विवाह गर्न छुट हुन्छ ?
*उत्तर : ४ पटक*

✎ नेपालको पहिलो बालमैत्री आमाघर कुन ठाउँमा निर्माण हुने भएको छ ?
*उत्तर : दमक, झापा*

✎ इम्जा हिमताल कुन जिल्लामा पर्दछ ?
*उत्तर : सोलखुम्बु*

✎ काठमाडौमा प्रस्तावित बाहिरी चक्रपथको लम्बाई कति छ ?
*उत्तर : ७२ कि.मि*

✎ नेपालमा सभामुखद्वारा प्रमाणित गरिएको पहिलो ऐन कुन हो ?
*उत्तर : पेश्की खर्च ऐन, २०६३*

✎ कुन सन्धिपश्चात अमेरिका औपचारिक रुपमा स्वतन्त्र भयो ?
*उत्तर : भर्सायलको सन्धि*

✎ वाफको शक्तिद्वारा रेलको इन्जिन चलाउने कार्य कसले गरेका थिए ?
*उत्तर : जर्ज स्टिफेन्सन*

✎ नेपालबाट सबभन्दा नजिकको बन्दरगाह कुन हो ?
*उत्तर : कोलकाता*

✎ अमेरिका र बेलायत विच भएको कुन सन्धिले अमेरिका स्वतन्त्र भयो ?
*उत्तर : भर्सायल सन्धी*

✎ अमेरिकी स्वतन्त्र सङ्ग्राम को नेतृत्व कसले गरेका थिए ?
*उत्तर : जर्ज वासिङ्टन*

✎ जर्मनीले कुन राष्ट्र माथी आक्रमण गरेपछि द्वितीय विश्वयुद्धको सुरुवात भएको थियो ?
*उत्तर : पोल्यान्ड*

## मनोरञ्जन

# 'गौंथली'को कमाइ १३ करोड



**दमक**/ नेपाली फिल्म 'गौंथली' ले दुई सातामा साढे १३ करोड बढी व्यवसाय गरेको छ । पहिलो साता साढे ७ करोडको व्यवसाय गर्न सफल फिल्मले दोस्रो सातासम्म आउँदा १३ करोड ६४ लाख ४६ हजार ५३५ ग्रस कलेक्स गर्न सफल भएको छ । फिल्मलाई यस अवधिमा ४ लाख ९४ हजार ११५ जनाले हेरेका छन् ।

साउन १ गतेबाट प्रदर्शनमा आएको फिल्मले तेस्रो सातामा पनि राम्रो व्यवसाय गरिरहेको छ । फिल्मले २० करोड बढीको व्यवसाय गर्ने अनुमान गरिएको छ । फिल्म गीतकार तथा स्त्रीरोग विशेषज्ञ डा.भोला रिजालका छोरा डा.कपिल रिजालले निर्देशन गरेका हुन् । योसँगै 'गौंथली' यस वर्षको सर्वाधिक कमाइ गर्ने पहिलो फिल्म बनेको छ । यसअघि पहिलो स्थानमा 'जात्रा' समूहको फिल्म 'लालीबजार' थियो । जसले ९ करोड ३२ लाख रुपैयाँ ग्रस व्यापार गरेको थियो ।

सुरुमा करिब २ सय शो पाएको 'गौंथली' ले अहिले २५० भन्दा माथि शो पाइसकेको छ । अधिकांश शोमा दर्शकको चाप उच्च रहँदा व्यापारिक रिपोर्ट उत्साहप्रद रहेको छ । पहिलो दिन औसत देखिएको हलमा त्यसपछिका दिनमा अकुपेन्सी बढेर हाउसफूलसम्म हुँदै आएको छ । कलाकारसहितको टिम अहिले पनि हल हलमा पुगेर दर्शकको प्रतिक्रिया बुझिरहेको छ । काठमाडौं उपत्यकासहित कलाकारहरू मोफसलका हल पुगेर दर्शकलाई भेटिरहेका छन् । दर्शकले मौलिका चलचित्र भन्दै तारिफ गरिरहेका छन् ।

फिल्ममा अरुण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारको अभिनय छ ।

डा.भोला रिजालको कथामा आधारित फिल्मको पटकथा तथा संवाद डा.कपिल रिजाल, निश्चल कुँवर, नीरज नेपाल र गिरिराज घिमिरेले संयुक्त रूपमा तयार गरेका हुन् । घर, परिवार, सम्बन्ध र आत्मीयताको भावलाई केन्द्रमा राखिएको फिल्मको वितरण रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट र एफडीीले गरेका छन् ।

## दैनिक राशिफल

आज मिति २०८३ साल साउन १९ गते मंगलबार
04 Aug. 2026
तिथि: षष्ठी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लैं ले लो अ | सामाजिक कार्यबाट सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | आर्थिक पक्ष सुदृढ रहने, व्यापारमा लाभदायक परिणामहरु देखिनेछन्। |
| मिथुन | का कि कु घ ङ छ के को हा | दाजुभाइ तथा जीवनसाथीको सहयोग प्राप्त हुनेछ। |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक वातावरण मेलमिलापपूर्ण रहनेछ। |
| सिंह | मा मि मु मे मो टा टि टु टे | अध्ययनमा कमजोरी देखिन सक्छ, सावधानी अपनाउनु उचित हुनेछ। |
| कन्या | टो प पी पॅ ष ण ठ पे पो | कार्य सम्पादनमा सहजता, व्यापार तथा आर्थिक क्षेत्रमा सुधार । |
| तुला | रा री रु रे रो ता ती तु ते | मध्यमा केही उतारचढाव आए पनि अन्त्यतिर आम्दानीमा वृद्धि हुनेछ। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | पारिवारिक जीवन र प्रेम सम्बन्ध सन्तुलित रहनेछ। |
| धनु | य यो भा भी भ धा फा ढ भे | दिन केही चुनौतीपूर्ण देखिन्छन्। आफन्तजनबाट सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | बौद्धिक र सिर्जनात्मक क्षमताको कदर हुनेछ। |
| कुम्भ | गॅ गे गो सा सी सँ से सो द | व्यापार विशेषतः कृषि तथा पशुजन्य क्षेत्रमा लाभ मिल्नेछ। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | नोकरीपेशामा सफलता मिल्ने सम्भावना छ। सन्तान पक्षबाट सुख |

